# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम

## (Local Infrastructure Support Program-LISP)

**१.परिचयः**

**नेपालको पुनसंरचना सँगै स्थानीय तह विकास निर्माणको एक बलियो आधार हो। प्रत्येक वर्ष विभिन्न क्षमता विकास, स्थानीय पूर्वाधार विकासका गतिविधिरुका साथै अन्य विकास निर्माणका गतिविधिहरुको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन तथा मूल्यांकन स्थानीय तहले गर्दै आई रहेको छ। तर, स्थानीय तहबाट तर्जुमा भई कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका गतिविधिहरुको विभिन्न चरण जस्तै योजना तर्जुमा, कार्यान्वयन, तथा अनुगमन तथा मूल्यांकन आदिमा प्रभावकारी समन्वय, छनौट, प्राथमिकिकरण, परिचालन, व्यवस्थापन तथा मर्मत संभारको उचित प्रवन्ध हुन नसक्दा दीगो तथा टिकाउ भौतिक पूर्वाधार विकास हुन सकिरहेको छैन जसले स्थानीय समुदायको रोजगारी, आयआर्जन, आम्दानी, खाद्य उत्पादन, खाद्य सुरक्षा आदि क्षेत्रमा सहयोग गर्न सकिरहेको छैन। साथै स्थानीय पूर्वाधार विकासका क्रियाकलापहरुमा सुशासन ल्याउन स्थानीय तहहरु प्रयास गरिरहे पनि सोचे जस्तो प्रतिफल ल्याउन सकि रहेको पाईदैन। तसर्थ स्थानीय स्तरमा विकासको मुख्य मेरुदण्ड मानिने स्थानीय पूर्वाधार विकासका गतिविधिहरु पारदर्शि, प्रभावकारी तथा दीगो रुपमा संचालन हुन आफैमा लजास्पद हो यसले स्थानीय तहको दीगो विकास लक्ष्य, कुल गार्हस्थ उत्पादन र मानव विकास सुचांक समेत असर पार्दछ। तसर्थ, स्थानीय पूर्वाधार विकासका गतिविधिहरु प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन, पारदर्शिता र सुशासन ल्याउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को निर्माण गरि १५ वटा स्थानीय तहमा लागू छ। जसको उद्देश्य "हरित, उत्थानशिल तथा समावेशी विकास (GRID) सँग सम्बन्धित स्थानीय पूर्वाधार विकासका योजनाहरुको तर्जुमा, कार्यान्वयबाट बिपन्न तथा गरीब घरपरिवारलाई रोजगारी सृजना, खाद्य उत्पादन, खाद्य सुरक्षामा बृद्धि, जलवायु उत्थानशिल तथा अनुकुलित वातावरण निर्माण गर्नु रहेको छ। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघिय मामिला तथा सामान्वय प्रशासन मन्त्रालयले बेलायती राजदुताबास काठमाण्डौ (BEK) तथा विश्व खाद्य कार्यक्रम (WFP) आर्थिक तथा प्राविधिक सहयोग लिई कार्यक्रमलाई स्थानीय स्तरमा थप प्रभावकारी तथा पारदर्शि गरेको छ।**

**स्थानीय तहले आ.व. २०७९/२०८० देखि कार्यान्वयन गर्दै आएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तरगत विभिन्न सुधारिएको विधि तथा पद्धतिहरुको परिक्षण गरिएको छ। जस अन्तरगत निम्न विधि तथा पद्धतिहरु मुख्य रहेका छन् ः**

- हरित उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको तर्जुमा, तथा कार्यान्वयन
- आयोजनाको डिजाईन, लागत ईस्टिमेट, ढाँचा तयार तथा सामाजिक, आर्थिक, वातावरणिय पक्षको विश्लेषण
- विपन्न तथा बेरोजगार घरपरिवारको रोजगारीका लागि छनौट
- सुधारिएको तथा समावेशी उपभोक्ता समितिको गठन तथा परिचालन
- कामदारको व्यक्तिगत बैंक खातामा ज्याला रकम सिधै भुक्तानी
- कामदारको सुरक्षाका लागि सुरक्षण सामाग्री जस्तै हेलमेट, गमबुट, मास्क, चश्मा, पन्जा, प्राथमिक उपचार किट आदिको वितरण
- कामदारको विमा, कामको गुणस्तरका लागि हाते औजारको वितरण
- विद्युतिय माध्यमबाट बाह्य निर्माण, हाते औजार, सुरक्षण सामाग्री आदिको खरिद, दाखिला तथा वितरण
- आयोजना सूचना बोर्डको योजना स्थलमा टाँस, आयोजना खाता, दैनिक हाजिरीको व्यवस्थापन तथा आयोजनाको अभिलेखिकरण
- नेपाल सरकारको सुत्र बाट आर्थिक कारोबार तथा लेखा परिक्षण
- आयोजना संचालन पूर्व तथा सम्पन्न पश्चात तालिमको व्यवस्था
- आयोजनाको बिच बिचमा कार्यको समिक्षा तथा सम्पन्न पश्चात जनलेखा परिक्षण
- आयोजनाको सूचकमा आधारित कम्तीमा ३ पटक अनुगमन
- आयोजना मर्मत संभारका लागि कोषको व्यवस्थापन तथा मर्मत संभार समितिको गठन

उल्लेखित विधि तथा पद्धतिको प्रयोग तथा परिक्षणबाट स्थानीय स्तरमा हरित, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको कार्यान्वयन गरि दीगो भौतिक तथा जलवायू अनुकुलन विकासका साथै स्थानीय स्तरमा खाद्य सुरक्षा तथा खाद्य उत्पादनमा सहयोग भएको छ साथै विपन्न तथा बेरोजगार घरपरिवारलाई रोजगारी अवसर प्रदान गरि सामाजिक संरक्षणको प्रत्याभूति स्थानीय तहले गरेको छ । स्थानीय तहको क्षमता विकासका साथै संस्थागत विकासका लागि विभिन्न निर्देशिका तथा कार्यविधिहरु निर्माणमा विश्व खाद्य कार्यक्रमबाट प्राविधिक सहायता समेत दिईएको छ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका सिकाई तथा असल अभ्यासहरुलाई गाउँ/नगरपालिकाले आ।व। २०८०/०८१ को  योजना तर्जुमाको चरण देखि नै हरित, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको छनौट तथा प्राथमिकिरण र कार्यान्वयन गरि स्थानीय गरिब तथा विपन्न/बेरोजगार घरपरिवारलाई रोजगारीको अवसर सृजना भएको छ । आयोजनाको पूर्व संभाव्यता अध्ययन तथा संभाव्यता अध्ययन गरि त्यस क्षेत्रको सामाजिक, आर्थिक, वातावरणिय, भौगोलिक, बेरोजगार जनशक्ति आदि पक्षको विश्लेषण गरि उचित तथा दीगो विकासमा टेवा पुग्ने, आर्थिक उन्नती गर्ने, उत्पादनमा बृद्धि गरि खाद्य सुरक्षा तथा खाद्यन्न उत्पादनमा सहयोग गर्ने र बढि भन्दा बढि बिपन्न तथा बेरोजगार घरपरिवारलाई रोजगारी सृजना गर्ने स्थानीय पूर्वाधार विकासका आयोजनाहरुलाई सुधारिएको बिधिबाट कार्यान्वयन गर्ने स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको सिकाई भएको र स्थानीय तहको समेत प्रतिवद्धता भए बमोजिम संचालनमा आएका छन् । जसको प्रभावकारी कार्यान्वयन, अनुगमन, खर्च, कार्य सम्पन्न, अभिलेखिकरण तथा लेखा परिक्षण स्थानीय तह आफैले गर्दछ ।

**२. परियोजनाको उद्देश्यः**

- स्थानीय तहबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाहरु हरित, उत्थानशिल तथा समावेशी विकास, जलवायु मैत्रि, दिगो,  श्रममा आधारित रोजगारी सृजना गर्ने, खाद्यन्न उत्पादन तथा खाद्य सुरक्षा बृद्धि गर्ने योजनाहरुको छनौट, प्राथमिकिकरण तथा कार्यान्वयन   गर्ने ।
- स्थानीय सरकारलाई स्थानीय पूर्वाधार विकास नीति, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा स्थानीय पूर्वाधारसँग सम्बन्धित क्रियाकलापमा सुशासन ल्याउने तथा प्रभावकारी सेवा प्रवाह तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम  पाईलटको सिकाइ तथा प्रमाणहरुको आधारमा प्रोत्साहन अनुदान पुँजी तथा जलवायु उत्थाानशील र प्राविधिक सहयोग योजना तथा ईन्जिनियरिङ लाई समग्र पुर्वाधार सुशासन योजना, निर्माण चरण तथा अनुगमन तथा मुल्याङ्कन लाई सवलिकरण तथा संस्थागत गर्नका लागि अझै गहिराईसम्म पु¥्याउने ।

**३।कार्यक्रमका प्राथमिकताका क्षेत्रहरुः**

- स्थानीय तहहरुलाई स्थानीय पूर्वाधारको समावेशी योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा जवाफदेहीपूर्ण रुपमा स्थानीय पूर्वाधार सेवा प्रवाह गर्नको लागि प्राविधिक सहायता पु¥्याउने।
- उत्थानशिल र हरित पुर्नलाभजन्य स्थानीय पूर्वाधार विकासको लागि  अवधारण अनुसार स्थानीय तहहरुलाई उत्प्रेरण र प्रोत्साहन  को रुपमा प्राविधिक सहायता र सल्लाह तथा, क्षमता अभिबृद्धि सहयोग र स्थानीय पूर्वाधार निर्माणमा वित्तिय साझेदारी रकम र सह–लगानी  उपलब्ध गराउने।
- सम्बन्धित स्थानीय तहको समग्र जवाफदेहीता र निश्चित जिम्मेवारी रहने गरि उत्थानशिल स्थानीय पूर्वाधार विकासका विभिन्न सम्भाब्य विधि, मोडेलहरु जस्तै सुधारिएको उपभोक्ता समिति मोडेल, उपभोक्ता समिति र ठेक्का मिश्रित मोडेल, ठेक्का मोडेल आदि परिक्षण गरि सिकाईहरु लिने।
- सम्बन्धित स्थानीय तह मार्फत हरित पुर्नलाभमा आधारित उत्थानशिल स्थानीय पूर्वाधार विकासद्धारा रोजगारी सृजना गर्ने ।
- सम्बनिधत स्थानीय तहको संस्थागत संयन्त्र र जिम्मेवारी मार्फत स्थानीय पूर्वाधार निर्माणको गुणस्तर र निर्मित संरचनाहरुको दीगोपना, मर्मत संभार आदिको सुनिश्चितता गर्ने।

**४। भेरीगंगा नगरपालिकामा कार्यान्यवन भएका र हुने आयोजनाहरुको विवरण ः**

भेरीगंगा नगरपालिकाबाट गत आ.व २०७९/०८० र यस आ.व २०८०/०८१ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तरगत सुधारिएको विधि तथा पद्धति मार्फत संचालन भएका आयोजनाहरुको विवरण निम्न बमोजिम रहेको छ ।

• आव २०७९।०८० मा सम्पन्न भएका आयोजनाहरुको विवरण

| क्र. स. | आयोजनाको नाम | ठेगाना | लागत रकम | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पालिका | LISP | | |
| १. | मोहटी – मनिरामकांडा सडक स्तरोन्नति | भेरीगंगा १ | १५,००००० | ४५,००००० | ६०,००,००० | |
| २. | सिस्नेरी – काल्पानी –चैते सडक स्तरोन्नति | भेरीगंगा २ | १५,००००० | ४५,००००० | ६०,००,००० | |
| ३. | डुंगिखोला– अवलपराजुल – लेखपराजुल सडक स्तरोन्नति | भेरीगंगा ३ | १०,००००० | ३७,००००० | ४७,००,००० | |
| ४. | सानोहर्रे – खोरिया –ठूलो हर्रे सडक स्तरोन्नति | भेरीगंगा ४ | १०,००००० | ३७,००००० | ४७,००,००० | |
| ५. | कालिदमार– लेखहात्तिखाल– सिउरेनी सडक स्तरोन्नति | भेरीगंगा ५ | १०,५१००० | ३७,००००० | ४७,५१,००० | |
| ६ | नयाँबस्ति मदानेचौर लिफ्ट खानेपानी योजना | भेरीगंगा १० | १,५०,००० | २०,००००० | २१,५०,००० | |
| ७ | रामघाट खानेपानी योजना | भेरीगंगा ११ | ५,००,००० | १०,००,००० | १५,००,००० | |
| | जम्मा | | ६७,०१,००० | २,३१,००,००० | २,९८,०१,००० | |

आ व २०८०।०८१ मा सम्पन्न निर्माण हुने आयोजनाहरुको विवरण

| क्र. स. | आयोजनाको नाम | ठेगाना | लागत रकम | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पालिका | LISP | | |
| १ | मोहटी – मनिरामकांडा सडक स्तरोन्नति | भेरीगंगा १ | १०,५०,००० | २०,५०,००० | ३१,००,००० | |
| २ | सिस्नेरी – काल्पानी –चैते सडक स्तरोन्नति | भेरीगंगा २ | १०,००,००० | १९,५०,००० | २९,५०,००० | |
| ३ | सानोहर्रे – खोरिया –ठूलो हर्रे सडक स्तरोन्नति | भेरीगंगा ४ | १०,००,००० | १९,५०,००० | २९,५०,००० | |
| ४ | कालिदमार– लेखहात्तिखाल– सडक स्तरोन्नति | भेरीगंगा ५ | १०,००,००० | १९,५०,००० | २९,५०,००० | |
| ५ | बबई हात्तिखाल–गेरुवानी कुइने सडक निर्माण | भेरीगंगा ५ | १०,००,००० | १९,५०,००० | २९,५०,००० | |
| ६ | टमटा टोल देखि वडा नं. ७ जोड्ने सडक निर्माण | भेरीगंगा ६ | १५,००,००० | २२,००,००० | ३७,००,००० | |
| ७ | भेरीगंगा ७ अपुरा सडक निर्माण | भेरीगंगा ७ | १०,००,००० | १४,५०,००० | २४,५०,००० | |
| ८ | भेरीगंगा ८ सडक ग्राभेल | भेरीगंगा ८ | १०,००,००० | १४,५०,००० | २४,५०,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | लेकबेसी टोल देखि प्रभात प्रा.वि. हुंदै नाच्नेखोला पुल जाने सडक निर्माण | भेरीगंगा ९ | ९,५०,००० | १४,००,००० | २३,५०,००० | |
| १० | हरियाली दमार, दुर्गाभगवती, तालबारी, टाकुरी टोलमा सिंचाइ कुलो निर्माण | भेरीगंगा १० | १४,००,००० | २५,९६,५०० | ३९,९६,००० | |
| ११ | दिनेशको घर देखि भगवती प्रा. वि. जाने सडक र लापनेको घर देखि उत्तीसपानेको घर जाने सडक निर्माण | भेरीगंगा ११ | १२,००,००० | १८,००,००० | ३०,००,००० | |
| १२ | सबडिभिजन बन कार्यालय हुंदै पिपल चौतारा जाने सडक र पक्की नाला निर्माण | भेरीगंगा १२ | १०,००,००० | १४,५०,००० | २४,५०,००० | |
| १३ | हरियाली प्रबद्र्धन तथा फोहरमैला प्रशोधन केन्द्र निर्माण | भेरीगंगा १२ | ५०,००,००० | ५०,००,००० | १००,००,००० | |
| १४ | फुर्केसल्ली हुंदै साहुटोल, सुठाबारी, कैनपानी पहिरो नियन्त्रण योजना | भेरीगंगा ४ र ७ | २८,५०,००० | ४३,००,००० | ७१,५०,००० | |
| १५ | करेली खोला न्याउलीचौर सिंचाइ ड्याम निर्माण | भेरीगंगा १३ | २३,००,००० | ३५,००,००० | ५८,००,००० | |
| | जम्मा | | २,३२,५०,००० | ३,४९,९६,५०० | ५,८२,४७,००० | |

**५। आयोजनासँग सम्बन्धित फोटोहरु ः**

**आाव २०७९/०८० मा सम्पन्न भएका योजनाहरुको केही फोटोहरुः**



*Figure 1 Roadside gabion-Bheriganga 1*



*Figure 2 Road upgrading- Bheriganga 5*



*Figure 3 Upgraded road- Bheriganga 4*



*Figure 4 Work measurement*



*Figure 5 Progress monitoring  by Mayor*



*Figure 6 Lift drinking water- ward no 10*